# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
## M/s Taragaon Regency Hotels Ltd.

HYATT REGENCY

बौद्ध, काठमाडौं, नेपाल, फोनः ५१७१२३४, ४२१७१२३, फ्याक्सः ५१७८३३३


# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६(१) सँग सम्बन्धित अनुसूची-१४ बमोजिमको आ.व. २०८२।०८३ को तृतिय त्रैमासिक अवधिको प्रतिवेदन ।

**१. वित्तीय विवरण:**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण ।

यस आ.व.२०८२।०८३ को तृतिय त्रैमासिक अवधि १ जनवरी २०२६ देखि ३१ मार्च २०२६ सम्मको वैधानिक लेखापरीक्षण हुनु पूर्वको अपरिष्कृत वित्तिय विवरण तथा गत आ.व. २०८१।०८२ को सोही अवधिको वैधानिक लेखापरीक्षण हुनु पूर्वको वित्तिय विवरणको तुलनात्मक वित्तिय विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

**ख) प्रमुख वित्तिय अनुपातहरु निम्नानुसार छन् :**

| विवरणहरु | आ.व २०८२।८३ को तृतिय त्रैमासिक अवधि (लेखापरीक्षण नभएको) | आ.व २०८१।८२ को तृतिय त्रैमासिक अवधि (लेखापरीक्षण नभएको) |
|---|---|---|
| प्रति शेयर आम्दानी । (नोक्सानी) | (७.३८) | १७.२० |
| प्रति शेयर नेटवर्थ | १४७.३० | १५२.५९ |
| P/E ratio | (१०४.४७) | ६२.१५ |
| प्रति शेयर कुल सम्पतिको मुल्य | २०९.०९ | २२९.५० |
| तरलता अनुपात | १.३३ | २.०२ |

**२) व्यवस्थापकीय विश्लेषण:**

(क) सन् २०२५ सेप्टेम्बर ९ को आन्दोलनका क्रममा यस होटलमा समेत तोडफोड, लुटपाट तथा आगजनी जस्ता कार्य हुन पुगी होटल मर्मतको कार्य अपरिहार्य भएकाले हाल होटलमा मर्मत सम्भार तथा स्तरउन्नोतिको कार्य भईरहेको छ । उक्त घटनाका क्रममा होटलमा भएको क्षतिको सम्बन्धमा सम्बन्धित बिमा कम्पनिले क्षतिको मुल्यांकन गरिरहेकाले यस प्रतिवेदनमा हाल उक्त क्षति बापत कुनै व्यबस्था गरिएको छैन ।। होटलको पुर्णरुपले मर्मत सम्भार गरि पुन:संचालनमा ल्याए पश्चात मात्र होटलमा व्यवसायिक गतिविधि हुने सक्ने भएकाले यस आ.व. २०८२।०८३ को तृतिय त्रैमासिक अवधिमा कम्पनि अन्तर्गतको तारागाँउ नेक्स्टमा बाहेक अन्य कुनैपनि पर्यटकिय व्यवसायिक गतिविधि भएको छैन ।

(ख) गत आ.व. २०८१।०८२ को तृतिय त्रैमासिक समिक्षा अवधिमा कुल आम्दानी रु. १२१.०८ करोड रहेकोमा यस आ.व २०८२।८३ को सो अवधिमा कुल आम्दानी रु २३.५१ करोड रहेको छ । गत आ.व. २०८१।०८२ को तृतिय त्रैमासिक समिक्षा अवधिमा कर अघिको खुद नाफा रु. ४२.८६ करोड रहेकोमा यस आ.व. २०८२।०८३ को तृतिय त्रैमासिक समिक्षा अवधिमा कर अघिको खुद नोक्सानी रु १४.४८ करोड रहेको छ ।

(ग) नेपालको पर्यटन क्षेत्रमा विगत २५ वर्ष देखि संचालनमा आई उल्लेखनिय योगदान पुर्याउदै आएको यस होटलमा सेप्टेम्बर ९ को घटनाले गर्दा ठूलो क्षति भएको र होटलको पुर्ण रुपले मर्मत सम्भार नगरि संचालनमा ल्याउने अवस्था नरहेकाले कम्पनीले होटलको पुर्ण मर्मत सम्भार गरि चाडो भन्दा चाडो संचालनमा ल्याउने तयारि गरिरहेको छ । होटलको मर्मत सम्भार गर्नुका साथै सम्पुर्ण सेवा सुविधाहरुको स्तरउन्नति गरि अतिथिहरुलाई थप उत्कृष्ट अन्तराष्ट्रिय स्तरको सुविधा उपलब्ध गराई होटल संचालनमा ल्याउने र व्यवसायिक गतिविधि बढाई लगानीकर्ताहरुलाई राम्रो प्रतिफल दिन सक्ने गरि पुन: स्थापित हुने यस कम्पनीको प्रमुख उदेश्य रहेको छ ।

(घ) आर्थिक वर्ष २०८२।८३ को आगामी त्रैमासिक अवधिमा समेत होटल संचालन नहुने र होटलको मर्मत सम्भारका लागि हाल कम्पनीले ठूलो रकम खर्चिदै आएको छ । यस होटलले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सेवा प्रदायक कम्पनीहरु मार्फत आफ्नो परियोजनाको काम कारबाही अगाढी बढाई चाडो भन्दा चाडो मर्मत सम्भारको कार्य गरि होटललाई पुन:संचालनमा ल्याउन अपनाउनुपर्ने सबै रणनीति तथा उपायहरु अबलम्बन गरिरहेको छ ।

**३) कानूनी कारवाही सम्बन्धी विवरण :**

क) यस आ.व. २०८२।८३ को तृतिय त्रैमासिक अवधिमा कम्पनीले कुनै विरुद्ध मुद्धा दायर गरेको छैन र कम्पनीको विरुद्धमा कुनै मुद्दा दायर भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

ख) कम्पनीको संस्थापक वा संचालकले तथा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

ग) कम्पनीको संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन ।

**४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) शेयर कारोबारमा हुने उताव चढाव खुल्ला बजारले प्रतिपादन गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ। शेयर कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या निम्नानुसार रहेको छ ।

| विवरणहरु | आ.व २०८२।०८३ को तृतिय त्रैमासिक | आ.व २०८१।०८२ को तृतिय त्रैमासिक |
|---|---|---|
| अधिकतम मूल्य रु. | ८१३.०० | १,२५९.०० |
| न्युनतम मूल्य रु. | ६९९.०० | १,०१६.२० |
| अन्तिम मूल्य | ७७१.१० | १,०६९.१३ |
| कारोबार भएको कूल दिन | ५३ | ५७ |
| कुल कारोबार संख्या | २,३४८ | ३,७८९ |
| कुल कारोबार शेयर संख्या | २१३,६९६ | ५७६,६२८ |

**५) समस्या तथा चुनौती:**

**क) समस्या तथा चुनौतीहरु:**

(क.१) आन्तरिक समस्या: यस कम्पनीमा आन्तरिक कुनै पनि समस्या नरहेतापनि अब यस होटललाई पुर्णरुपले मर्मत सम्भार गरि चाँडो भन्दा चाँडो पुन: संचालनमा ल्याउने ठूलो चुनौति रहेको छ ।

**(क.२) बाह्य समस्या:**

- होटललाई अन्तराष्ट्रिय स्तरको पर्यटन गन्तव्यको रुपमा स्थापित गर्न आवश्यक मर्मत सम्भारका लागि चाहिने सर-सामान तथा सेवाहरु विभिन्न मुलुकबाट आयात गर्नुपर्नेमा सो क्रममा विदेशी पक्षहरुलाई सेवा बापतको भुक्तानि गर्दा सरकारी निकायहरुबाट आवश्यक स्वीकृति दिदाँ हुने ढिला सुस्ति जसका कारण मर्मत सम्भारको कार्यमा असर पर्ने,
- देशमा पटक पटक भइरहने राजनितिक प्रदशनहरुले गर्दा अन्तराष्ट्रिय जगतमा नेपाल पर्यटकहरुकालागि सुरक्षित नरहेको भन्ने सन्देश पुग्ने जसका कारण पर्यटन क्षेत्रमा पर्ने नकरात्मक प्रभाव ,
- पर्यटन व्यबसाय संवेदनशील व्यबसाय भएकोमा गत भाद्र २४ गतेको आन्दोलनका क्रममा नष्ट पारिएका होटल व्यवसायिहरुका लागि व्यवसाय पुन:स्थापना गरि संचालनमा ल्याउन सरकारको ठोस निति तथा सहुलियतको अभाव,
- पर्यटन सम्बन्धि भौतिक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती नहुनु, सर्वसुलभ यातायातको सुविधा नहुनु,
- विदेशी मुद्राको विनिमयमा भईरहने उतार चढाव,
- अप्रत्याशित रुपम घट्ने पर्यटक प्रतिकुलकताका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरु, प्राकृतिक तथा दैविक प्रकोपहरुको प्रभाव,

**(ख) रणनीती:**

- होटलको पुर्ण मर्मत सम्भार गरि अतिथिहरुलाई प्रदान गरिने सेवा- सुविधाहरुको स्तरोन्नति गराई समय अनुकुल सुधार ल्याउने जसका कारण स्वदेशी तथा विदेशी अतिथिहरुको नेपालमा रुचाइको होटल तारागाँउ रिजेन्सी होटल्स बनोस ।
- होटल परिसरमा कर्पोरेट सभा, सामाजिक, शैक्षीक तथा सांगितिक कार्यक्रमहरु संचालन गर्न थप आकर्षण बढाउने ।
- होटल पुन: संचालनमा आए पश्चात होटलका कर्मचारिहरुलाई अतिथिलाई उच्चस्तरीय सेवा प्रदान गराउन आवश्यक विभिन्न तालिमहरु प्रदान गर्ने,
- होटल मर्मत सम्भारका लागि आर्थीक श्रोत जुटाइ, खर्च कटौति गरि स्वदेशी तथा विदेशी ग्राहकहरुकालागि अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय सेवा, सुविधाहरु उपलब्ध गराई लक्ष्य अनुसारको आम्दानी हासिल गर्न चाडो भन्दा चाडो होटल संचालनमा ल्याउने,

**६) संस्थागत सुशासन:**

यस कम्पनीले प्रचलित ऐन तथा कानुन, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा अनुपालन गरेको छ। साथै आन्तरिक नियन्त्रण तथा नियमन प्रणाली चुस्त राख्न, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप पारदर्शी र व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरिएको छ। कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र लेखा प्रतिवेदन संचालक समिति समक्ष पेश गर्ने र संचालक समितिले आवश्यक निर्देशन दिने गर्दछ। कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानबाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैब क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन् ।

**७) सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष । कार्यकारी प्रमुखको उद्घोषण:**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

**अनुसूची-१**

## Statement of Financial Position

| Particulars | Unaudited As of 31-Mar-26 | Unaudited As of 31-Dec-25 | Unaudited As of 31-Mar-25 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets:** | | | |
| Property, Plant and Equipment | 1,688,938,386 | 1,713,980,330 | 1,748,264,466 |
| Right of Use | 34,420,415 | 35,003,422 | 36,499,070 |
| Intangible Assets | 3,956,891 | 4,484,235 | 2,005,637 |
| Work in Progress | 300,327,951 | 139,419,751 | 53,448,656 |
| Advance to Supplier-Capital Works | 670,353,086 | - | - |
| **Total Non-Current Assets** | **2,697,996,729** | **1,892,887,738** | **1,840,217,829** |
| **Current Assets:** | | | |
| Inventories | 8,006,799 | 8,401,373 | 18,959,561 |
| Trade and Other Receivables | 19,214,963 | 27,452,401 | 197,855,118 |
| Advance & Deposit | 219,411,364 | 720,686,518 | 241,915,349 |
| Investment | 1,090,594,793 | 1,275,994,793 | 1,626,875,383 |
| Cash and Cash Equivalents | 67,321,119 | 314,383,112 | 577,303,080 |
| **Total Current Assets** | **1,404,549,038** | **2,346,918,198** | **2,662,908,491** |
| **Total Assets** | **4,102,545,767** | **4,239,805,936** | **4,503,126,320** |
| **Equity & Liabilities** | | | |
| **Equity:** | | | |
| Share Capital | 1,962,120,160 | 1,962,120,160 | 1,962,120,160 |
| Reserves | 927,986,462 | 981,987,207 | 1,031,808,877 |
| **Total Equity** | **2,890,106,622** | **2,944,107,367** | **2,993,929,037** |
| **Liabilities:** | | | |
| **Non Current Liabilities:** | | | |
| Employee Benefits | 48,209,960 | 53,881,218 | 68,954,802 |
| Deferred Tax Liabilities | 68,067,445 | 68,067,445 | 85,869,008 |
| Lease Liability | 45,196,966 | 45,184,853 | 45,039,073 |
| **Total Non-Current Liabilities** | **161,474,371** | **167,133,516** | **199,862,883** |
| **Current Liabilities** | | | |
| Unsecured Loans | 27,706,367 | 27,915,894 | 28,012,562 |
| Trade and Other Payables | 993,428,217 | 1,004,022,178 | 1,132,552,415 |
| Employee Benefit and Provisions | 29,830,191 | 96,626,982 | 148,769,423 |
| **Total Current Liabilities** | **1,050,964,775** | **1,128,565,053** | **1,309,334,400** |
| **Total Liabilities** | **1,212,439,145** | **1,295,698,569** | **1,509,197,283** |
| **Total Equity and Liabilities** | **4,102,545,767** | **4,239,805,936** | **4,503,126,320** |

## Statement of Profit & Loss Account

| Particulars | Unaudited for the period ended 31-Mar-26 | Unaudited for the period ended 31-Dec-25 | Unaudited for the period ended 31-Mar-25 |
|---|---|---|---|
| Revenue from Operations | 171,942,653 | 171,942,653 | 1,082,935,295 |
| Other Income | 63,231,875 | 61,221,878 | 127,868,761 |
| **Total Income** | **235,174,528** | **233,164,531** | **1,210,804,056** |
| Operational Expense and Other Costs of Operation | 224,107,570 | 211,359,704 | 515,928,493 |
| Administrative Overhead | 79,540,276 | 62,864,216 | 194,055,112 |
| **Profit Before Depreciation, Amortisation and Tax** | **(68,473,319)** | **(41,059,389)** | **500,820,451** |
| Depreciation and Amortization Expenses | 76,358,410 | 49,771,600 | 72,177,209 |
| **Profit Before Tax** | **(144,831,729)** | **(90,830,989)** | **428,643,242** |
| Current tax | - | - | 91,086,689 |
| **Profit After Tax** | **(144,831,729)** | **(90,830,989)** | **337,556,553** |

Note:If The Statutory audit or supervisory authority notify and remarks to change the financial statement the same shall be changed accordingly